# बर्दघाट नगरपालिका

## कृषक पहिचान तथा वर्गिकरण कार्यविधि, २०७७

नाम, थर: मेघनाथ पाध्या

पद: प्रमुख प्रसशाकीय अधिकृत

प्रमाणिकरण मिति :२०७७/५/२१

बर्दघाट नगरपालिका भित्र कृषि क्षेत्रको दिगो विकासको लागि कृषकको आय र प्रतिफलको आधारमा बिशेष कृषक लक्षित कार्यक्रम संचालन गर्न, सरकारी श्रोत साधनको न्यायोचित र प्रभावकारी वितरण प्रणालि लागू गरि वास्तविक कृषक लाभान्वित हुने सुनिश्चितता कायम राख्न तथा कृषि विकास कार्यक्रम संचालन प्रकृयालाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन कृषकको पहिचान तथा वर्गिकरण गर्न आवश्यक भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) घ(१), ण(१) र १०२(२) मा रहेको व्यवस्था अनुरुप बर्दघाट नगर कार्यपालिकावाट यो कार्यविधि बनाई लागु गरिएको छ ।

### परिच्छेद- १

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नामः बर्दघाट नगरपालिका "कृषक पहिचान तथा वर्गिकरण कार्यविधि, २०७७" हुनेछ ।

(ख) यो कार्यविधि बर्दघाट नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

(क) "स्थानिय तह" भन्नाले बर्दघाट नगरपालिका लाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले बर्दघाट नगरपालिका र १६ वटा वडा कार्यालयहरु लाई सम्झनु पर्दछ ।

(ग) "कृषक" भन्नाले दफा ३ बमोजिम परिभाषित व्यक्ति वा एकाघरको परिवार सम्झनु पर्दछ ।

(घ) "कृषि पेशा" भन्नाले प्राथमिक कृषिजन्य उत्पादन कार्यमा मात्र संलग्न रहेको पेशा सम्झनु पर्दछ। तर कृषि सामाग्री उत्पादक वितरक प्राथमिक कृषि उत्पादनको बिक्रि वितरण प्रशोधन तथा अन्य व्यवसायमा मात्र सम्लग्न रहेको पेशा लाई कृषि व्यवसाय मानिने छैन वा कृषक पहिचान तथा बर्गिकरणमा समावेश गरिने छैन ।

(ङ) "कृषक वर्ग वा वर्गिकरण" भन्नाले दफा ४ मा भए वमोजिम कृषक वर्ग तथा बर्गिकरण सम्झनु पर्दछ ।

परिच्छेद- २

३. कृषकको परिचय तथा वर्गिकरण सम्वन्धि व्यवस्थाः

कृषकको परिचयः कृषक भन्नाले कृषि कर्मलाई मुख्य पेशा/व्यवसाय बनाई त्यसवाट नै आफ्नो आय आर्जन तथा जिविकोपार्जन गर्ने नागरिकलाई सम्झनु पर्दछ । त्यस्तो कृषक कृषि पेशा/व्यवसायिक प्रयासमा निरन्तर लागि रहेको हुनु पर्दछ । निज वा निजको पेशासंग आश्रीत परिवारको सदस्यले बर्षको १८० दिन वा सो भन्दा वडी समय कृषि कार्यमा श्रम गर्नु पर्दछ ।

४. कृषक वर्गिकरण सम्वन्धि व्यवस्थाः

(क) कृषकको वर्गिकरण देहाय वमोजिम गरिने छ ।

| वर्गिकरण | बार्षिक आम्दानी | दक्षता/तालीम | न्यूनतम रोजगारी | पारिवारिक खर्चको गोगदान |
|---|---|---|---|---|
| १. उद्यमी कृषक | १८ लाख | अत्याधुनिक प्रविधि र यान्त्रिकिकरण | ५ जना | १००% |
| २. व्यवसायिक कृषक | ९ लाख | उन्नत प्रविधि र यान्त्रिकिकरण | ३ जना | १००% |
| ३. व्यवसाय उन्मुख कृषक | २ लाख | मिश्रित प्रविधि र यन्त्र | १ जना | १००% |
| ४. साना कृषक | १ लाख | सामान्य प्रविधि | स्वरोजगार | ५०% |
| ५. कृषि मजदुर | ६० हजार | परमपरागत | श्रम योगदान | ३०% |

(ख) बर्गिकृत कृषकको परिभाषा

१. उद्यमी कृषकः आफ्नै जग्गा वा जग्गा भाडामा लिई कृषि उद्योगका लागि कच्चापदार्थ उत्पादन संकलन प्रशोधन र प्याकेजिङ गरि अन्तिम उपभोग्ता सम्म पुर्याउन मुल्य श्रृङखलाका आधारमा उत्पादन गर्ने कृषकहरु यस वर्गमा पर्दछन । कच्चा पदार्थ उत्पादन नगरि संकलन गरेरमात्र उद्योग स्थापना गर्ने उद्यमीलाई कृषक सुचिकरणमा राखिने छैन ।

२. व्यवसायिक कृषकः आफ्नै जग्गा वा अरुको जग्गा भाडामा लिई व्यावसायिक रुपमा कृषि कर्म गरी कृषि उद्योगका लागि कच्चा पदार्थ तथा दैनिक उपभोगको लागि कृषिजन्य बस्तु उत्पादन गर्ने र आधुनिक तथा अत्याधुनिक प्रविधि प्रयोग गरि कृषि उत्पादन गर्ने कृषकहरु यस वर्गमा पर्दछन । यस्ता कृषकलाई ३ भागमा विभाजित गरिएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

- ठुला व्यवसायिक कृषकः आफ्नै जग्गा वा भाडामा जग्गा लिई उन्नत प्रविधि अपनाई खाद्यान्न वाली ३ हेक्टर/ फलफूल नर्सरी १ हेक्टर/ फलफूल खेती ३ हेक्टर/ माछा ३ हेक्टर /ठुला पशु ५०/बाख्रा ५००/बंगुर १००/पंक्षी १०००० पालन गरेको कृषक संझनु पर्दछ ।तर हाईटेक प्रविधि अपनाई खेती/मत्स्य पालन गरेकमा यसमा तोकेको क्षेत्रफल/संख्याको २५ प्रतिशत भए पुग्नेछ ।
- मझौला व्यवसायिक कृषकः आफ्नै जग्गा वा भाडामा जग्गा लिई खाद्यान्न वालीमा १.५ हेक्टर/फलफूल नर्सरी .५ हेक्टर/ फलफूल खेती २ हेक्टर/माछा १.५ हेक्टर/ठुला पशु २०/बाख्रा १००/बंगुर ३०/पंक्षी ५००० पालन गरेको कृषक संझनु पर्दछ ।तर हाईटेक प्रविधि अपनाई खेती/मत्स्य पालन गरेकमा यसमा तोकेको क्षेत्रफल/संख्याको २५ प्रतिशत भए पुग्ने छ ।
- साना व्यवसायिक कृषकः आफ्नै जग्गा वा भाडामा जग्गा लिई खाद्यान्न वालीमा १ हेक्टर/नर्सरी ०.१ हेक्टर/फलफूल खेती १ हेक्टर/ माछा .५ हेक्टर/ठुला पशु ५/बाख्रा २०/बंगुर ५/पंक्षी ५०० पालन गरेको कृषक संझनु पर्दछ ।तर हाईटेक प्रविधि अपनाई खेती/मत्स्य पालन गरेकमा यसमा तोकेको क्षेत्रफल/संख्याको २५ प्रतिशत भए पुग्नेछ ।

३. व्यवसायउन्मुख कृषकः आफ्नो जिविको पार्जनका लागि खेति गरीरहेका कृषकहरु जसले स्थानिय वजारको माग अनुसार खाद्यान्न, तरकारी, फलफुल, मत्स्य पशुपन्छीजन्य कृषि व्यवसाय प्रति आकर्षित भई थप कृषि कर्मतर्फ उन्मुख हुने कृषकहरु यस वर्गमा पर्दछन ।

४. साना किसानः आफ्नो थोरै जग्गामा कृषक आफै वा निजका परिवारले जिविकोपार्जनका लागि परम्परागत रुपमा खेती गर्ने तथा अरुको थोरै जग्गा ठेक/अधिया/भाडामा लिई आफ्नो जिविका निर्वाहका लागि मात्र खेति गर्ने कृषकहरु यस वर्गमा पर्दछन । साथै आफ्नो थोरै जग्गा वा करेशावारीमा व्यवसायिक खेती गर्ने र घरको छतमा हाईटेक प्रविधिवाट खेति गर्ने कृषकहरु समेत यस वर्गमा पर्दछन ।

५. कृषि मजदुरः कृषि व्यावसाय गर्ने फार्म/केन्द्रमा निश्चित अवधि तोकी स्थाई वा अस्थाई, मासिक वा दैनिक ज्यालादारीमा मजदुर गर्ने कृषकलाई कृषि मजदुर भनिन्छ ।

प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद- ३

**५. कृषक बर्ग पहिचान, अभिलेखिकरण र परिचयपत्र वितरण:**

(क) कृषक वर्ग पहिचान र अभिलेखिकरणको लागि यस नगरपालिकाको क्षेत्राधिकार भित्र स्थाई वा अस्थाई रुपले बसोवास गरि कृषि कर्म गरेको वा कृषि पेशा/व्यावसायमा संलग्न रहेको नेपाली नागरिक कुनै पनी व्यक्तिले अनुसुची -१ बमोजिम कृषकको पेशागत विवरण फारम भरेर सम्वन्धित वडा कार्यालयमा अनुसुची -२ अनुसारको निवेदन पेश गर्नु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम पेश हुन आएको निवेदन र विवरण जाँचबुझ गरि सम्बन्धित वडा कार्यालयले उचित ठानेमा दर्ता गरि कृषकको पेशागत विवरण भर्ने कृषकको वर्गिकरण गर्ने र प्रमाणितको लागि नगरपालिकामा पठाउनु पर्दछ । कृषकको पेशागत विवरणको एक प्रति वडा कार्यालयमा अभिलेखको लागि सुरक्षित राख्नु पर्दछ ।

(ग) कृषक परिचय पत्र महल भर्ने विधि अनुसुची - ३ बमोजिम हुनेछ । कृषकले भरेको पेशागत विवरण अनुसार जुन बर्गमा कृषक पर्न आउछ सोहि वर्ग उल्लेख गर्नु पर्नेछ ।

(घ) वडा तहवाट आएको कृषकको पेशागत विवरण बर्दघाट नगरपालिकावाट प्रमाणित गराई सम्वन्धित (कृषि) शाखाले नगरपालिकाले तोकेको निर्दिष्ट ढाँचा अनुसारको अनुसुची- ५ बमोजिम कृषक परिचय पत्र सम्वन्धित कृषकलाई उपलव्ध गराई सोको अभिलेख राख्नु पर्दछ ।

**६. कृषक बर्ग पहिचान अभिलेखिकरण परिचयपत्र नविकरण सम्वन्धि व्यवस्था:**

(क) कृषक परिचय-पत्र प्राप्त भएपछी प्रत्येक २/२ बर्षमा नविकरण गराउनु पर्दछ । म्याद नाघेको ६० दिन भित्रमा कृषक पेशागत विवरण अध्यावधिक गर्नु पर्नेछ । तर कृषकको वर्ग सो अवधि भन्दा पहिले परिवर्तन भएमा सो समय अगावै अध्यावधिक गराउनु पर्दछ ।

(ख) सम्वन्धित वडा कार्यालयले अध्यावधिक भएको कृषक विवरण शुरुको प्रकृया बमोजिम नै दर्ता गरि नगरपालिकामा प्रमाणिकरण र परिचय-पत्र नविकरणको लागि पठाउनु पर्नेछ । नगरपालिकाको सम्बन्धित कृषि क्षेत्र हेर्ने शाखाले नविकरण भएको कृषक परिचय-पत्र कृषकलाई उपलव्ध गराउनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद – ४

७. जग्गाको भूमिकर (मालपोत) मिनाहा सम्वन्धि व्यवस्थाः

(क) यस नगरपालिका भित्र कम्तिमा ज.बि. ०-५-० वा सो भन्दा बढी आफ्नै हक स्वामित्वको जग्गामा कृषि पेशा/व्यवसाय गरी आएका तथा यस कार्यबिधिको दफा ४ बमोजिम अभिलेखमा सुचिकृत भै प्रमाण-पत्र पाएका वा नविकरण भएका कृषकहरुले कृषि कर्म गरी आएको निजको हक स्वामित्वको जग्गाको जग्गाको बार्षिक भूमिकर (मालपोत) छुट वा मिनाहा दिईनेछ ।

(ख) अभिलेखमा सुचिकृत भै प्रमाण-पत्र पाएका वा नविकरण भएका कृषकहरुले भूमिकर (मालपोत) छुट वा मिनाहाको लागि आफ्नो कृषक प्रमाणपत्र, कृषकको पेशागत विवरण, जग्गाधनी प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्र सहित आवश्यक कागजात साथै राखी सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ग) सम्वन्धित बडा कार्यालयबाट कृषकले निवेदनसाथ पेश गरेको प्रमाणपत्र, कृषकको पेशागत विवरण जग्गाधनी प्रमाणपत्र सहितका आवश्यक कागजातहरु हेरी बुझी दुरुस्त भए अभिलेख राखी निजको हक स्वामित्वको जग्गाको बार्षिक भूमिकर (मालपोत) छुट दिन वा मिनाहा गरी निस्सा रसिद दिनु पर्नेछ ।

(घ) बडा कार्यालयबाट भूमिकर (मालपोत) छुट वा मिनाहा गरी दिएका कृषकहरुको अभिलेख बिवरण बडा कार्यालयले त्रैमासिक रुपमा बर्दघाट नगरपालिकामा पठाउने र नगरपालिकाको कृषि तथा भूमिकर हेर्ने शाखाले प्रमाणित गराई राख्नु पर्दछ ।

(ङ) कुनै व्यक्तिले जग्गा बाँझो राखेको वा झुट्टा बिवरण पेश गरी भूमिकर (मालपोत) छुट वा मिनाहा गरी लिएको पाईएमा निजले तिर्न बुझाउन पर्ने भूमिकर सत प्रतिशत जरिवाना सहित असुल उपर गरिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद – ५
## विविध

८. **दर्ता तथा अध्यावधिक गर्ने शुल्क सम्वन्धि व्यवस्था**ः यस कार्यविधि बमोजिम कृषकको पेशागत विवरण दर्ता तथा अध्यावधिक गर्दा कृषकको बर्ग अनुसार भूमिहिन, कृषि मजदुर, श्रमिक कृषक र साना कृषकलाई निशुल्क र अन्य वर्गका कृषकलाई नगरले तोके अनुसार अनुसुची- ४ बमोजिमको शुल्क लिनेछ ।

९. **प्रथमिकिकरण गर्नु पर्नेः** संघिय सरकार, प्रदेश सरकार तथा यस नगरपालिकावाट संचालन हुने कृषिसंग सम्वन्धित सबै कार्यक्रमहरु संचालन गर्दा कुन वर्गको कृषक लक्षित गर्ने हो सोको अग्रीम एकिन गरि उक्त वर्गको कृषकलाई प्राथमिकता दिनु पर्नेछ ।

१०. **अभिलेख उपलव्ध गराउने जिम्वेवारीः** यस कार्यविधि अनुसार कृषक विवरण तथा कृषक परिचय पत्रको अभिलेख संघ तथा प्रदेश सरकारवाट माग भई आएमा उपलव्ध गराउने जिम्वेवारी यस नगरपालिका कृषि क्षेत्र हेर्ने शाखाको हुनेछ ।

११. **कृषक परिचय पत्र नम्वर र कृषक बर्ग उल्लेख गर्नु पर्नेः** यस कार्यविधि लागू भएपछी दर्ता हुने कृषक समुह वा कृषि सहकारीका सदस्यहरुले सम्भव भएसम्म आप्नो परिचय-पत्र नम्वर र वर्ग उल्लेख गरि दर्ता गर्नु पर्नेछ ।साथै दर्ता भई सकेका कृषक समुह/कृषि सहकारीहरुले नविकरण गर्ने क्रममा कृषक परिचय-पत्र तथा वर्ग अध्यावधिक गर्दै जानु पर्नेछ ।

१२. **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यानवयन सम्वन्धमा कुनै वाधा वा द्विविधा भएमा सो बाधा अडकाउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

१३. **संशोधन तथा परिमार्जनः** नगर कार्यपालिकाले आवश्यक्ता अनुसार यस कार्यविधिको संशोधन तथा परिमार्जन गर्नेछ ।

प्रमुख प्रशाशकिय अधिकृत

## अनुसूची १

### कृषकको पेशागत विवरण (वडा कार्यालयले भर्ने)

फोटो

कृषक परिचय पत्र नं.
(पालिकाले दिने)

कृषक दर्ता नम्वर
(सम्वन्धित वडाको निवेदन दर्ता नम्वर)

नाम (परिवारको १ जनाको)

ठेगानाः जिल्ला पालिका

वडा नं. गाउँ/टोल

नागरिकता नम्वर जारी जिल्ला

सम्पर्क नम्वर

मुख्य पेशाः (बाली/वस्तु उल्लेख गर्ने)

जग्गाको किसिम क्षेत्रफल

कृषि कर्ममा संलग्न परिवार संख्याः
पुरा समय रोजगार आंशिक समय रोजगार

घर परिवाको विवरण

| क्र.स. | नाम | शैक्षिक योगयता | उमेर र पेशा | उमेर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

जग्गाको विवरणः

| क्र.स. | कि.न. | क्षेत्रफल | बाटोको नाम (कच्ची पक्की) | जग्गाको प्रयोजन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

प्रमुख प्रशाशकिय अधिकृत

अनुसुची- २

श्रीमान् वडा अध्यक्ष ज्यू

वडा नं. ........ बर्दघाट नगरपालिका

बर्दघाट, नवलपरासी

बिषयः कृषक रुपमा दर्ता गरि पाउँ ।

प्रस्तुत विषयमा बर्दघाट नगरपालिकाको कृषक पहिचान तथा बर्गिकरण कार्यविधि २०७७ बमोजिम दर्ता हुनको लागि अनुसुची- १ बमोजिम मेरो पेशागत विवरण भरि देहायका कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु ।

निवेदकको सही:

नाम थरः

ठेगानाः

संलग्न कागजातहरु

१. अनुसुची- १ बमोजिम कृषक पेशागत फारम थान २
२. नागरिकताको फोटोकपी
३. व्यवसाय दर्ताको फोटोकपी
४. PAN/VAT दर्ताको फोटोकपी
५. कृषक समुह/कृषि सहकारीमा आवद्द भए सोको प्रमाण
६. आफ्नो जग्गामा व्यवसाय गरेको वा अन्य तरिकाले सोको विवरण
७. अन्य

प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची- ३

### कृषक परिचयपत्र नं. तथा कृषक वर्ग भर्ने तरिका

१. यस परिचय पत्र महलमा ७ वटा कोठा रहने छन ।

२. पहिलो कोठामा नगरपालिकाको कोर्ड (ब) लेख्ने ।

३. दोश्रो कोठामा वार्ड नं. को १-१६ अंक लेख्ने ।

४. तेश्रो कोठामा कृषकको दर्ता क्रमानुसार शुरुको ००००१ देखि लेख्दै जानु पर्छ यदी कुनै कृषकले दर्ता नविकरण नगरि राखेमा वा अन्य कारणले खारेजीमा परेमा निजको परिचयपत्र संख्या यथावतनै राखि अन्यको अंक बढाउदै लैजानु पर्दछ ।

५. यसरि अंक भर्दा स्थानिय तहको यस बर्दघाटको ब वार्डको नं र क्रमश ००००१ बाट लेख्दै जाने

उदारणको लागि (क) भनिने कृषक बर्दघाट वार्ड नं. ४ को छ र उसको क्रम संख्या १२ छ भने यसरी भर्ने

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ब | ४ | ० | ० | ० | १ | २ |

प्रमुख प्रशासकिय अधिकृत

## अनुसुची- ४

### कृषक परिचयपत्र दर्ता तथा नविकरण शुल्क

| क्र.स. | वर्गिकरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | उद्यमी कृषक | ५०० | |
| २ | व्यवसायिक कृषक | ३०० | |
| ३ | व्यवसाय उन्मुख कृषक | २०० | |
| ४ | साना कृषक | १०० | |
| ५ | कृषि मजदुर | ० | |

प्रमुख प्रशासकिय अधिकृत

## अनुसुची-५

## कृषक परिचयपत्रको नमुना

फोटो

परिचय पत्र नम्वरः

कृषक दर्ता क्रम संख्याः

नामः

ठेगानाः

नागरिकता नम्वर र जारी जिल्लाः

मुख्य पेशाः

कृषकको वर्गः

सम्पर्क नम्वरः

कृषकको सहीः

प्रमाणित गर्ने अधिकारीः

आज्ञाले

मेघनाथ पाध्या

(प्रमुख प्रशासकिय अधिकृत)

प्रमुख प्रशाशकिय अधिकृत